# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०३।२४ गते ।

# प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको ।**

निजामती कर्मचारी अस्पताल, काठमाडौंमा फार्मेसी शाखामा कार्यरत कर्मचारीहरूले औषधी आपूर्तिकर्तासँग साँठगाँठ गरी अस्पतालमा औषधीको आपूर्ति नभै बिल बिजक सफ्टवेयरमा ईन्ट्री गरी ठूलो रकम भ्रष्टाचार गरेको, अस्पतालको स्टोर शाखा र भर्याङ्गमा करोडौं औषधी म्याद गुज्रेर फालिएको अवस्थामा रहेको र कम्प्युटरमा स्टक देखाएको औषधी यथार्थमा मौज्दात नरहेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजामती कर्मचारी अस्पतालका फार्मेसी सेवा सञ्चालनमा संलग्न फार्मेसी युनिट इन्चार्जहरू दिनेश पन्त, दिपा ढुङ्गाना, लवेन्द्र कुँवर, दिपक सापकोटा, स्टोर किपर विनोद पोखरेल, केशव राज न्यौपाने, शर्मीला श्रेष्ठ तथा फार्मेसी सहायक सन्दिप तिवारीसमेतको आफ्नो पद तथा ओहदाको दुरूपयोग गरी गराई सार्वजनिक सम्पत्तिको हिनामिना, हानीनोक्सानी पुऱ्याउने वदनियतले अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ को दफा १६ को उपदफा (५) मा उल्लेख भएबमोजिम प्रत्येक आर्थिक वर्षको अन्त्यमा फार्मेसीमा खरिद भएको अद्यावधिक परिमाण, बिक्री भएको परिमाण तथा बाँकी परिमाणको सन्तुलन परीक्षण (Trail Balance) तयार गर्नुपर्ने छ भन्ने प्रावधान रहेकोमा सो अनुसार सन्तुलन परीक्षण तयार नगरे/नगराएको समेत महालेखा परीक्षकको आ.व. २०७७/७८ को लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोराबाट पुष्टि भएको, आपूर्तिकर्ता फर्म र अस्पतालबीच भएको सम्झौताका शर्तबमोजिम ४ महिना मात्र म्याद भएका तथा बिक्री नभई म्याद गुज्रिएका औषधी तथा औषधीजन्य सामग्री प्रतिस्थापन गर्न, फार्मेसी युनिट इन्चार्जलाई त्यस्तो औषधी तुरून्त फिर्ता गर्ने भनी अस्पतालका कार्यकारी निर्देशकले जिम्मेवारी दिएकोमा फिर्ता नगरी सोधभर्ना नलिई नेपाल सरकार/सार्वजनिक संस्था निजामती कर्मचारी अस्पतालको सम्पत्ति हिनामिना, हानिनोक्सानी, दुरूपयोग गरे गराएको पुष्टि भएको देखिएको, सम्झौताको शर्तमा म्याद सकिएका औषधी तथा औषधीजन्य सामाग्रीहरूको सोधभर्ना नगरेमा उक्त मूल्य बराबरको रकम सम्बन्धित फर्महरूको धरौटी रकमबाट कट्टी गरिने व्यवस्था भएतापनि धरौटी फिर्ताका लागि औषधी तथा औषधीजन्य सामाग्री आपूर्तिकर्ता फर्महरूले धरौटी फिर्ताका लागि निवेदन पेस गर्दा धरौटी फिर्ता गर्नु पूर्व लेखा शाखाले फार्मेसी शाखालाई धरौटी फिर्ताका लागि निवेदन पेस गर्ने फर्मको फार्मेसी स्टोरमा म्याद गुज्रेका तथा फिर्ता गर्नुपर्ने औषधी तथा औषधीजन्य सामाग्री रहे नरहेको भनी जानकारी/राय माग गर्दा फार्मेसी शाखाका जिम्मेवार पदाधिकारी/कर्मचारीहरूले फार्मेसी स्टोरमा म्याद गुज्रेका औषधी तथा औषधीजन्य सामाग्री हुँदाहुँदै बदनियत राखी म्याद गुज्रेका तथा फिर्ता गर्नुपर्ने औषधी तथा औषधीजन्य सामाग्री नरहेको भनी लिखित जानकारी दिने गरेबाट त्यस्ता औषधी तथा औषधीजन्य फर्महरूको कट्टी हुनुपर्ने/गरिनुपर्ने धरौटी कट्टी नभई फिर्ता गरे गराएकासमेतका निजामती कर्मचारी अस्पतालका मेडिकल डिभिजन प्रमुखको नेतृत्वको समितिले विस्तृत विश्लेषण गरी पेस गरेको प्रतिवेदनमा उल्लेख भए अनुसार जम्मा बिगो रू.२,९१,३४,५४७/३७ (दुई करोड एकानब्बे लाख चौंतीस हजार पाँच सय सड्चालीस रूपैयाँ सैतीस पैसा) बराबरको सार्वजनिक सम्पत्ति

हानीनोक्सानी पुऱ्याएको देखिएकोले उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | निजामती कर्मचारी अस्पताल, नयाँबानेश्वर काठमाडौंको फार्मेसी युनिट इन्चार्ज तथा फार्मेसी अधिकृत **दिपा ढुङ्गाना** | रू.२,९१,३४,५४७/३७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. दुई करोड एकानब्बे लाख चौंतीस हजार पाँच सय सङ्चालीस रूपैयाँ सैतीस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| २. | निजामती कर्मचारी अस्पताल, नयाँबानेश्वर काठमाडौंको फार्मेसी युनिट इन्चार्ज तथा फार्मेसी सहायक **लबेन्द्र कुँवर** | रू.२,९१,३४,५४७/३७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. दुई करोड एकानब्बे लाख चौंतीस हजार पाँच सय सङ्चालीस रूपैयाँ सैतीस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | निजामती कर्मचारी अस्पताल, नयाँबानेश्वर काठमाडौंको फार्मेसी युनिट इन्चार्ज तथा बरिष्ठ फार्मेसी सहायक **दिनेश पन्त** | रू.२,९१,३४,५४७/३७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. दुई करोड एकानब्बे लाख चौंतीस हजार पाँच सय सङ्चालीस रूपैयाँ सैतीस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | निजामती कर्मचारी अस्पताल, नयाँबानेश्वर काठमाडौंको फार्मेसी युनिट इन्चार्ज तथा फार्मेसी सहायक **दिपक** | रू.२,९१,३४,५४७/३७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. दुई करोड एकानब्बे लाख चौंतीस हजार पाँच सय सङ्चालीस रूपैयाँ सैतीस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा |

| | | | |
|---|---|---|---|
| | **सापकोटा** | | भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | निजामती कर्मचारी अस्पताल, नयाँबानेश्वर काठमाडौंको फार्मेसी युनिट स्टोर किपर तथा बरिष्ठ फार्मेसी सहायक **विनोद पोखरेल** | रू.२,९१,३४,५४७/३७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. दुई करोड एकानब्बे लाख चौंतीस हजार पाँच सय सड्चालीस रूपैयाँ सैतीस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ६. | निजामती कर्मचारी अस्पताल, नयाँबानेश्वर काठमाडौंको फार्मेसी युनिट स्टोरकिपर तथा बरिष्ठ फार्मेसी सहायक **शर्मीला श्रेष्ठ** | रू.२,९१,३४,५४७/३७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. दुई करोड एकानब्बे लाख चौंतीस हजार पाँच सय सड्चालीस रूपैयाँ सैतीस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ७. | निजामती कर्मचारी अस्पताल, नयाँबानेश्वर काठमाडौंको फार्मेसी युनिट स्टोरकिपर तथा फार्मेसी सहायक **केशव राज न्यौपाने** | रू.२,९१,३४,५४७/३७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. दुई करोड एकानब्बे लाख चौंतीस हजार पाँच सय सड्चालीस रूपैयाँ सैतीस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ८. | निजामती कर्मचारी अस्पताल, नयाँबानेश्वर काठमाडौंको फार्मेसी युनिट स्टोर किपर तथा फार्मेसी सहायक **सन्दिप तिवारी** | रू.२,९१,३४,५४७/३७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. दुई करोड एकानब्बे लाख चौंतीस हजार पाँच सय सड्चालीस रूपैयाँ सैतीस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ |

| | | | |
|---|---|---|---|
| | | | को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने